१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।**

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।
त्यसैले,

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौ,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं।

वर्ष-१७ ।। अङ्क : २४३ ॥ २०८२ कातिक १४ गते शुक्रबार (31st Oct 2025 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

# आन्दोलनको आक्रोश शहीदका शालिकमाथि

झापा(प्रस)।जेनजी आन्दोलनका क्रममा कांग्रेस र कम्युनिष्ट शहीदका शालिक मात्र तोडफोड भएन, दोस्रो जनआन्दोलनमा शहादत प्राप्त गरेकी नेपालगंजकी सेतु विकको शालिकसमेत तोडियो । जेनजी आन्दोलनको दोस्रो दिन देशभरि शहीदका शालिकमाथि आक्रोश पोखिएको थियो ।

झापामा तत्कालीन सत्ता गठबन्धन कम्युनिष्ट र कांग्रेसका शहीदका शालिकमाथि धावा बोल्ने काम भयो । अर्जुनधारास्थित सुखानी स्मृति पार्कमा तोडफोड गरी पाँचजना शहीदको शालिक ढालिएको थियो ।
तत्कालीन पञ्चायतविरुद्ध भएको झापा विद्रोहका क्रममा ०२९ फागुन २१ गते हत्या गरिएका कम्युनिस्ट आन्दोलनका योद्धा नेत्र घिमिरे, वीरेन राजवंशी, रामनाथ दाहाल, कृष्ण कुइँकेल र नारायणप्रसाद श्रेष्ठको शालिक भत्काइएको हो । ती शहीदका शालिक अहिले डोरीको भरमा अड्याइएको छ । शालिक मर्मतका लागि करिव १५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। जेनजी आन्दोलनको दोस्रो दिन नै बिर्तामोड-८ गरामनी बजारमा रहेका ८ जना कम्युनिष्ट शहीदको शालिक भत्काइयो । झापा विद्रोहका क्रममा गरामनीमा मारिएका चन्द्र डाँगी, हेमबहादुर खड्का ,हरिकृष्ण चौधरी , भेटला राजवंशी, बृजीलाल राजवंशी,नेत्र घिमिरे ,कृष्ण कुईकेल र नारायण श्रेष्ठको शालिक तोडफोड भएको हो । ती अर्धकदका





शालिक बिर्तामोड वडा नं ८ र ९ को वडा कार्यालयअगाडि सार्वजनिक जग्गामा पार्क निर्माण गरी राखिएको थियो ।

सोही दिन कांग्रेस शहीद उद्रकान्त राजवंशीको नाममा खोलिएको बिर्तामोड ९ स्थित उद्रकान्त राजवंशी स्मृति प्रतिष्ठानमा पनि तोडफोड भयो । घरभित्र राखिएको शालिक तोड्न नपाएपनि प्रतिष्ठानको दुई कोठे घर , ६५ वटा प्लाष्टिकका कुर्सी , ४ वटा टेबल, २ वटा डेस्क बेन्च, सिलिङ फेनलगायतका सामान तोडफोड भयो । दराजभित्र राखिएको ४१ हजार नगद लुटेर लगेको प्रतिष्ठानका सचिव वासु अधिकारीले बताए । गरामनीमा भएको शालिक तोडफोडलाई लिएर विवाद भएको छ । जसले तोडफोड गरेका हुन् ,उसैले बनाइदिनु पर्ने एमाले र कांग्रेसले चेतावनी दिएका छन् ।

दलहरुलाई लक्षित गरी गरिने राजनीतिक आन्दोलनमा विरोधी नेता कार्यकर्तासंगै तिनका शहीदहरु पनि आक्रोशको शिकार बन्ने गरेका छन् । भदौ २४ गते नेपालगन्जको न्युरोडस्थित सेतु विकको शालिकमात्रै होइन नेपालगन्जका विभिन्न स्थानमा रहेका गणेशमान सिंह, वीपी कोइराला र पुष्पलाल श्रेष्ठको शालिकमा समेत तोडफोड गरिएको थियो ।
अहिले तोडफोड गरिएको सेतु विकको शालिक भएको स्थानमा यसअघि ज्ञानेन्द्र शाहको शालिक थियो । यसअघिको दृष्टान्तलाई हेर्दा २०६२-०६३ को जनआन्दोलनमा चन्द्रगढीको महेन्द्र पार्कमा रहेको स्वर्गीय राजा महेन्द्रको शालिक तोडफोड भएको थियो । त्यस महेन्द्र पार्कको नाम परिवर्तन गरी शहीद पार्क नामकरण गरियो ।

पछि २०७९ सालमा राजावादीहरुले सोही पार्कमा पुनः महेन्द्रको शालिक पुनर्स्थापना गर्न खोजेका थिए । तर, सकेनन् ।

उता २०८० सालमा कंचनपुरमा राजावादीहरुले भीमदत्त पन्तको शालिक तोडफोड गरेका थिए । यसरी एउटा दलले अर्को दलका शहीदमाथि प्रहार गर्ने क्रम चल्दै आएको छ । जुन गलत हो । मुलुक र मुलुकबासीको लागि आफ्नो अमूल्य जीवन वलिदान गर्ने व्यक्ति नै शहीद भएको यथार्थलाई हामीले मनन गर्नुपर्छ ।

## भाषण गर्दा गर्दै ढलेका जिफन्टका उपाध्यक्ष गौतमको मृत्यु

झापा(प्रस) । नेपाल विद्युत् प्राधिकरणले उद्योगहरुमा विद्युत कटौती गरेको विरोधमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का केन्द्रीय उपाध्यक्ष कमल गौतमको मृत्यु भएको छ।

ट्रंक र डेडिकेटेड लाइनको विवादमा रुपन्देहीका उद्योगीहरूले आन्दोलनको घोषणा गरेका थिए। बिहीबार प्राधिकरणको भैरहवा वितरण केन्द्र अगाडि धर्ना कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष गौतमले आन्दोलनलाई सांकेतिक रूपमा मात्र लिन जरुरी रहेको बताएका थिए। उनले २५ हजार श्रमिकको रोजगारी गुम्दै गएको र गुमाउने नचाहेको बताएका थिए। 'अतः यो कारणले...' शब्दसहितको वाक्य पुरा गर्न नपाउँदै उनी ढलेका थिए। उपचारका लागि क्रिमसन अस्पताल पुऱ्याउँदा उनको मृत्यु भएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले जानकारी दिए। उनको शव अस्पतालमा राखिएको छ।

## चारआली जंगलभित्र कार हुलेर चालकले आगो लगाइदिए

झापा(प्रस) ।झापाको मेचीनगर-१३ स्थित हातेमालो सामुदायिक वनभित्र एउटा कार हुलेर चालकले आगजनी गरेका छन् ।
बिहीवार विहान ११ बजेतिर चन्द्रगढी-चारआली सडकअन्तर्गत गोरखकाली सिमेन्ट फ्याक्ट्रीदेखि पश्चिमपट्टि जंगलभित्र लगेर कारमाथि आगजनी गरिएको हो । आगजनीबाट कार जलेर पूर्णरुपमा क्षतिग्रस्त भएको छ ।
वन कर्मचारी, स्थानीय , दमकल र प्रहरीको प्रयासमा आगलागी नियन्त्रणमा आएको थियो । सडकदेखि करिव २ सय मिटर पश्चिम जंगलमा कार जवरजस्ती हुलेर आगो लगाएर चालक भागेको हातेमालो सामुदायिक वनका अध्यक्ष चन्द्र सिग्देलले बताए । उनले कारलाई जंगलमा जबरजस्ती हुल्दै गरेको स्थानीयले देखेको जानकारी दिए ।
सो कार झापा शिवसताक्षी नगरपालिका १० माईधारका सरोज शर्माको भएको खुलेको छ । बाग्मती प्रदेश ०१-०३च७१९४



नं को कारसहित शर्मा चार दिन अघिदेखि वेपत्ता भएका थिए । कात्तिक ९ गते दिउँसो ३.५५ बजे ३३ वर्षीय सरोज शर्मा (विवाहित) घरमा कोही कसैलाई नसोधी घरबाट सो कार लिएर सम्पर्कबिहीन बनेका थिए ।
कारलाई चालकले जंगलमा आगो लगाइदिएर भागेको आशंका गरिएको छ। सो कार शर्माकै भएको पुष्टि भएको छ। क्षतिग्रस्त कारका बारेमा आफन्तले सनाखत गरेको र घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय धुलावारीले जनाएको छ ।

## महामन्त्री थापाले गरे केन्द्रीय समिति बैठक बहिष्कार

झापा(प्रस) । महाधिवेशनको कार्यतालिका प्रस्तुत गर्न नपाएपछि कांग्रेस महामन्त्री गगन थापाले केन्द्रीय कार्यसमितिको बिहीबारको बैठक नै बहिष्कार गरेका छन् । बैठक सुरु हुनुअघि कार्यतालिकाको विषयमा कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्माको अनौपचारिक कुराकानी भएको थियो । बैठकमा कार्यतालिका प्रस्तुत गर्ने तयारीका साथ थापा १ बजे अगाडि नै सानेपा पुगेका थिए । कार्यवाहक सभापतिको कार्यकक्षमा तीन पदाधिकारीबीच भएको छलफलमा खड्काले आफ्नो समूहको अप्ठ्यारो सुनाउँदै एकदिनका लागि पर्खन आग्रह गरेपछि थापा झोक्किँदै सानेपाबाट बाहिरिएको एक केन्द्रीय सदस्यले बताए ।
त्यसअघि महामन्त्री शर्माले नियमित र विशेष महाधिवेशन गर्ने विभिन्न विकल्पबारे चार बुँदाको प्रस्ताव सार्वजनिक गरेका थिए । त्यसै सेरोफेरोमा रहेर कार्यतालिका ल्याउने तयारी थापाको थियो । कार्यवाहक सभापति खड्कासँग बुधबार सकारात्मक कुराकानी भएको आधारमा थापा अघि बढेका थिए । कांग्रेस बैठकमा महामन्त्रीले प्रस्तुत गर्ने एजेन्डा सभापतिको सहमतिमा मात्रै प्रस्तुत गर्ने चलन छ । यसअघि पनि थापाले महाधिवेशनका दुई विकल्प केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा प्रस्तुत गरेका थिए । केन्द्रीय कार्यसमितिमा प्रस्तावका लागि लैजान कार्यसम्पादन समितिमा प्रस्तुत थापाका विकल्प संस्थापन पक्षले अस्वीकार गरेको थियो । त्यसपछि उनले सार्वजनिक गरेका थिए ।
बिहीबार शर्माले प्रस्तुत गरेका विकल्पमा थापाले कार्यसम्पादन समितिको बैठकमा प्रस्ताव गरेको मंसिर २७-२९ को नियमित महाधिवेशनकै तालिका पहिलो बुँदामा उल्लेख छ । यसमा सहमति नभएमा उनले विशेष महाधिवेशनका लागि दुई विकल्पका लागि कार्यवाहक सभापति खड्काको ध्यानाकर्षण गराएका थिए ।
महाधिवेशनका ५४ प्रतिशत प्रतिनिधिहरुले विशेष महाधिवेशनका लागि असोज २९ गते पार्टीको केन्द्रीय कार्यालय सानेपामा निवेदन दिइसकेको सन्दर्भमा विशेष महाधिवेशन बोलाउनुपर्ने दोस्रो बुँदा थियो । विशेष महाधिवेशन बोलाउँदा केन्द्रीय कार्यसमिति आफैंले बोलाउने पहिलो प्राथमिकता, केन्द्रीय कार्यसमिति तयार नभएमा ५४ प्रतिशत हस्ताक्षरकर्ताले माग गरेबमोजिम बोलाउनुपर्ने दोस्रो प्राथमिकतामा उल्लेख गरेका छन् । यी दुवैमा सहमति नभएमा नियमित महाधिवेशनलाई थप १५ दिन बढाएर पुस महिनामा गर्न सकिने उनले चौथो बुँदामा उल्लेख गरेका छन् । त्यसका लागि पुस १६ देखि १९ सम्मको तालिका शर्माले प्रस्ताव गरेका थिए । बीपी कोइरालाले राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्केको ऐतिहासिक अवसरमा महाधिवेशन गराउन उपयुक्त हुने उनको सुझाव छ ।

## देउमाईमा बोलेरो र मोटरसाइकल ठोक्किँदा १० जना घाइते

झापा(प्रस) । इलामको देउमाई नगरपालिका-१, कुखुरेस्थित मेची राजमार्गमा बोलेरो र मोटरसाइकल एकआपसमा ठोक्किँदा १० जना घाइते भएका छन् ।
बिहीवार बिहान करिब १०:३० बजे तेह्रथुमबाट झापातर्फ आउँदै गरेको मे १ ज ३१३७ नम्बरको बोलेरो र इलामबाट पाँचथरतर्फ जाँदै गरेको प्रदेश १-०१-०१६प १३६७ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएको हो ।
अवस्था सामान्य ),२८ वर्षीया अञ्जना गुरुङ (बायाँ हातमा चोट, अवस्था सामान्य ), धनकुटाकी ३२ वर्षीया सुष्मा लिम्बू (बायाँ हातमा चोट, अवस्था सामान्य), पाँचथर फालेलुङ-६ की २३ वर्षीया असिना तामाङ (निधारमा चोट, अवस्था सामान्य) , झापा बुद्धशान्ति-४ की २७ वर्षीया चन्द्रकला कालिकोटे (बाहिरी चोट नभएको, अवस्था सामान्य ) र मोटरसाइकल चालक पाँचथर हिलिहाङ-६ बस्ने ३६



घाइते हुनेहरुमा बिर्तामोड ६ की ३० वर्षीया सुशिला तिमल्सिना (भित्री चोट, बोल्न नसक्ने, अवस्था मध्यम), तेह्रथुम आठराई त्रियुगा-१ का ६५ वर्षीय छबिलाल गुरुङ (टाउको र घुँडामा चोट, अवस्था सामान्य), सोही ठाउँ बस्ने ३० वर्षीय प्रकाश शेर्पा (निधार र नाकमा चोट, अवस्था सामान्य ) , ताप्लेजुङ आठराईत्रिवेणी-१ की ६४ वर्षीया डम्बरकुमारी गुरुङ (अनुहारमा चोट, अवस्था सामान्य ) , सोही ठाउँ बस्ने ३० वर्षीय इन्द्र गुरुङ (अनुहारमा चोट, वर्षीय लक्ष्मीप्रसाद मैनाली (दाहिने हातको हत्केलामा चोट, अवस्था सामान्य ) रहेका छन् ।
घाइतेहरुलाई उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल इलाम पठाइएको इलाम प्रहरीले जनाएको छ।

बोलेरो चालक तेह्रथुम आठराई गाउँपालिका-२ निवासी २६ वर्षीय रबिन तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ। बोलेरो सडकबाट करिब १० मिटर तल खसेको प्रहरीले जनाएको छ।

## सीमा सुरक्षाका लागि दुवै देशको संयुक्त गस्ती



झापा(प्रस) । सीमा सुरक्षाका लागि नेपाल र भारतका सुरक्षाकर्मीहरुले संयुक्त गस्ती गर्न थालेका छन् ।
सीमामा असुरक्षा तथा लागूऔषधको बेचबिखन र ओसारपसार बढेपछि दुवै तर्फबाट संयुक्त गस्ती थालिएको हो ।
बुधवार दिउँसो भारत किशनगंज गलगलिया थानामा वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी निरीक्षक मोतिलाल योन्जन तामाङ ,सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुरका प्रमुख सशस्त्र प्रहरी नायव उपरीक्षक दयाराम पौडेल,बिहार पुलिसका सव-इन्स्पेक्टर राकेश कुमार, सीमा सुरक्षा बल (एसएसबी) निमिगडी बिहारबाट केतन सालुङ्गेसहितको संयुक्त टोलीले गस्ती गरेको हो ।
गस्तीपछि बैठक बसी बोर्डर सुरक्षा तथा लागूऔषध बेचबिखन र ओसारपसार सम्बन्धी छलफल भएको जनाइएको छ ।
त्यस्तै बुधवार बिहान प्रहरी चौकी मेचीपारीबाट प्रहरी सहायक निरीक्षक आमासुलाल राजवंशी,सशस्त्र प्रहरी बल बाहिनी २न. गणबाट सशस्त्र प्रहरी नायव निरीक्षक मोतिलाल कर्मचार्य, सीमा सुरक्षाबल (एसएसबी) निमिगडी बिहारबाट सब-इन्स्पेक्टर वैजनाथ सरकटासहितको १४जनाको संयुक्त गस्ती टोलीले भद्रपुर ३मा रहेको सिमानाकाको वस्तुस्थितिबारे जानकारी लिएको थियो ।

## युएईसँग नेपाल पाँच विकेटले पराजित



झापा(प्रस) । आइसीसी विश्वकप लिग-२ को जारी शृंखलामा नेपालले दोस्रो हार व्यहोरेको छ। नेपाल युएईसँग ५ विकेटले पराजित भएको हो। युएईको आइसीसी क्रिकेट एकेडेमीमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा २३३ रन बनाएको थियो। नेपालले दिएको २३४ रनको विजयी लक्ष्य पछ्याएको युएईले ४३.३ ओभरमा ५ विकेटको क्षतिमा २३७ रन बनाउँदै नेपालले दिएको लक्ष्य पूरा गऱ्यो।
युएईका लागि ओपनर ब्याटर आर्यान्स शर्माले ९८ रनको उत्कृष्ट पारी खेले। युवा ब्याटर आर्यान्स शर्माले ९७ बलमा १० चौका र ३ छक्का प्रहार गरे। युएईको सम्हालिएको ब्याटिङको साझेदारी तोड्न नेपाली बलरलाई निकै गाह्रो भयो।
पहिलो विकेट ६३ मा ओपनर अलिशान सर्राफुको विकेट गएको थियो। अलिशानले ४५ रन बनाएर क्याच भए। दोस्रो विकेट सोयब खान डक आउटको रुपमा पेभेलियन फर्किए। २ विकेट पछि ११८ मा कप्तान राहुल चोपरा रिटायर्ट हर्ट भए। ३३.५ ओभरमा कुशल भुर्तेलले मोहम्मद वसिमलाई २६ रनमा रनआउटको रुपमा डगआउटमा फर्काए।
सन्दीप लामिछानेले नेपालका लागि सबैभन्दा महँगो बनेका आर्यान्स शर्माको विकेट लिए। ध्रुव परासर र जहिद अलि क्रमशः १६ र ६ रनमा अविजित रहे। नेपालका लागि बलिङतर्फ सन्दीप लामिछानेले २ विकेट लिए। करण केसी र दीपेन्द्र सिंह ऐरीले १-१ विकेट लिए।

त्यसअघि ब्याटिङ गरेको नेपालका लागि कप्तान रोहित पौडेलले १३० बलमा ५ चौका र २ छक्कासहित १०९ रनको शतकीय पारी खेलेका थिए। ओपनर आसिफ शेखले ३५ रन बनाए। आरिफ शेखले २७ रन बनाए। आरिफले कप्तान रोहितसँग चौथो विकेटको लागि ७० रनको अर्धशतकीय साझेदारी गरेका थिए।

❖ बाँकी तेस्रो पृष्ठमा

# अन्नपूर्ण बेस क्याम्पबाट १ सय ६२ जनाको उद्धार



सशस्त्र प्रहरी बल नेपाल बिपद् व्यवस्थापन बेश नारच्याङ म्याग्दीबाट कार्तिक ११ गते उद्धारका लागि सुरक्षा फौज बेश क्याम्पतर्फ गएको थियो । सशस्त्र प्रहरी निरीक्षक बिनोद पौडेलको

झापा(प्रस) । सशस्त्र प्रहरी बलले म्याग्दीको अन्नपूर्ण बेस क्याम्पबाट बिहीवार बिहानसम्म १ सय ६२ जनाको उद्धार गरेको छ ।

अब अन्नपूर्ण बेश क्याम्पमा कोही पनि आन्तरिक तथा बाह्य पर्यटक छैनन् । सबैलाई सुरक्षित स्थानमा ल्याइएको छ भने अन्नपूर्ण बेश क्याम्पमा हिउँ पहिरो आइरहेको सशस्त्र प्रहरीका सह प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

कमाण्डमा गएको फौजले १७ बिदेशी पर्यटकसहित बिहीवार बिहानसम्म १ सय ६२ जनाको उद्धार गरेको हो ।

बाक्लो हिमपातका कारण जोखिममा परेका र बाटो पत्ता लगाउन नसकेर अलपत्र परेका पर्यटकहरुको डोरीको सहायताले बाटो पहिल्याउँदै उद्धार गरिएको हो । सबै पर्यटकको उद्धार भएपछि यतिखेर बेश क्याम्प खाली भएको छ ।

३ दिनको निरन्तर प्रयासपछि बेश क्याम्प हिंडेका केही पर्यटकलाई बाटोबाट नै फर्काइएको थियो । बुधबार मात्रै बेश क्याम्पबाट ५२ जना पर्यटक र बाटो बिराएर अलपत्र परेका २० जनालाई सुरक्षित स्थानमा ल्याइएको थियो । कात्तिक ११ गते बाटोबाट फर्काइएका र बिहीवार बिहान पनि बेश क्याम्पबाट तल झारिएकासहित १ सय ६२ जनाको उद्धार भएको हो । उद्धार गरिएकाहरुलाई अन्नपूर्ण गाउँपालिका-४ गुफाफांट, सादिखर्क लगायत हिमपात नभएको स्थानसम्म सुरक्षित ल्याइएको छ ।

उनीहरु सबै हिमपात नभएको सुरक्षित स्थानमा छन् । उद्धार गरिएका केहिमा स्वासप्रस्वास लगायत स्वास्थ्य समस्या देखिए पनि ठूलो समस्या भने देखिएको छैन । माथिल्लो क्षेत्रमा संचार सम्पर्क नभए पनि बिहीवार साँझसम्म सबै जना परिवारसँग फोन सम्पर्कमा आएको थापाले बताए ।

# चुनावका लागि आयोगलाई ५ अर्बभन्दा कम बजेट

झापा(प्रस) । अर्थ मन्त्रालयले फागुन २१ गते तय भएको चुनावका लागि निर्वाचन आयोगलाई ५ अर्बभन्दा कम बजेट उपलब्ध गराउने भएको छ।

मन्त्रालयका एक अधिकारीका अनुसार आयोगले ७ अर्ब हाराहारीमा बजेट माग




गरेको भए पनि उसलाई ५ अर्बभन्दा कम बजेट दिने गरी मन्त्रालयले तयारी गरेको हो।

अघिल्लो निर्वाचनमा भएको खर्चलाई आधार मानेर मन्त्रालयले बजेट निकासा गर्ने ती अधिकारीले बताए।

फागुन २१ गते प्रतिनिधि सभाको मात्रै निर्वाचन हुने भएकाले पनि मन्त्रालयले अघिल्लो चुनावहरूको तुलनामा कम बजेट निकासा गर्ने भएको हो।

'निर्वाचन आयोगले ठूलो रकम मागेको छ। अघिल्लो निर्वाचनको अवस्था र अहिले प्रतिनिधि सभाको मात्रै निर्वाचन हुने भएकाले साढे ५ अर्बभन्दा कम बजेट भए पुग्ने हाम्रो अनुमान छ,' अर्थका ती अधिकारीले भने।

बजेट साढे ४ अर्बभन्दा कम नहुने भने ती अधिकारीले बताएका छन्।

अर्थमन्त्री रामेश्वर खनालले यसअघि नै निर्वाचन आयोगका आयुक्तहरूसँगको छलफलमा मितव्ययी भएर खर्च गर्न आग्रह गरेका थिए।

आयोगले निर्वाचन व्यवस्थाका लागि खरिद गर्नुपर्ने सामान र कर्मचारी परिचालनमा हुने खर्च आकलन गरेर बजेट माग गर्छ।

सबैभन्दा बढी खर्च निर्वाचनमा खटिने कर्मचारीमा हुने आयोगको ठम्याइ छ। आयोगका अनुसार एउटा मतदान केन्द्रमा कम्तिमा १४ कर्मचारी आवश्यक पर्छ। आयोगले एक हजार मतदाता बराबर एउटा मतदान केन्द्र व्यवस्था गर्दै आएको छ। मतगणनाका लागि पनि आयोगले नै कर्मचारी व्यवस्थापन गर्छ।

आयोगले फागुन २१ गते निर्वाचन गराउन हिमाली क्षेत्रमा कठिनाइ हुनसक्ने आकलन गरेको छ। त्यस्ता ठाउँमा मौसम खुलेका बेला कर्मचारी पठाउने गरी हेलिकप्टर व्यवस्था गर्ने आयोगको तयारी छ।

# लागूऔषधसहित कमलमा पाँचजना पक्राउ



झापा(प्रस) ।प्रतिबन्धित लागूऔषधसहित झापाको कमलमा पाँचजना पक्राउ परेका छन् ।

बुधवार राति कमल गाउँपालिका वडा नं. ५ मंगलबारे बस्ने बिष्णु राजवंशीको घरमा लागूऔषध बिक्री गर्दै गरेको अवस्थामा पाँचजना पक्राउ परेका हुन् ।पक्राउ पर्नेहरुमा कमल वडा नं. ५ बस्ने २७ वर्षीय बिष्णु राजवंशी ,कमल ३ बस्ने २२ वर्षीय मौसम तामाङ , वडा नं. १ बस्ने १८ वर्षीय सावन जवेगु , शिवसताक्षी वडा नं. ११ बस्ने २१ वर्षीय रुस्तम बर्देवा र सोही ठाउँ बस्ने १९ वर्षीय रुचल मगर रहेका छन् ।

राजवंशीको घर कोठाबाट ट्रामाडोल ८०० क्याप्सुल, स्पास्पेन ३०० ट्याब्लेट, र डिसाइक्लोमिन ५०० ट्याब्लेट बरामद गरिएको प्रहरीले जनाएको छ । उनीहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

# भारी वर्षाका कारण सतर्क हुन प्रशासनको आग्रह, पाख्रिबासमा ४ दिन विद्यालय बन्द

जिल्ला प्रशासन कार्यालय धनकुटाले जिल्लावासीलाई बिहीबारदेखि शनिबारसम्म विशेष सतर्कता अपनाउन आग्रह गरेको छ।

जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानअनुसार यस अवधिमा धनकुटासहित देशका धेरै स्थानमा भारी वर्षा तथा उच्च पहाडमा हिमपातको सम्भावना रहेको हुँदा सम्भावित प्राकृतिक विपदबाट जोगिन प्रशासनले सचेत रहन आग्रह गरेको हो।



प्रशासनले अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन, पहिरो वा डुबान जोखिम क्षेत्रका बासिन्दाले सुरक्षित स्थानको पहिचान राख्न तथा आवश्यक परेमा तत्काल सर्ने तयारी गर्न अनुरोध गरेको छ।

त्यसैगरी सडक अवरुद्ध हुने अवस्था आउन सक्ने भएकाले तत्काल प्रयोग गर्न मिल्ने गरी डोजर, लोडर लगायतका उपकरण तयारी अवस्थामा राख्न र साझेदार निकाय तथा संस्थालाई विपद् व्यवस्थापन समितिको सम्पर्कमा रहन आग्रह गरिएको प्रशासकीय अधिकृत रामजी पौडेलले जानकारी दिए।

यस्तै धनकुटाको पाख्रीबास नगरपालिकाभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालय कात्तिक १४ गतेदेखि १८ गतेसम्म बन्द हुने भएका छन्।

जल तथा मौसम विज्ञान विभागले जनाए अनुसार बंगालको खाडीमा विकसित मोन्था चक्रवातसँगै पश्चिमी वायु र अरब सागरमा बनेको न्यूनचापीय प्रणालीको प्रभावका कारण देशभर केही दिनसम्म भारी वर्षाको सम्भावना औँल्याएको छ। सोही कारण सम्भावित जोखिमलाई मद्देनजर गर्दै विद्यालय बन्द गर्नुपरेको नगर प्रमुख ज्ञानबहादुर गुरुङले जानकारी दिए।

नगरपालिकाले अभिभावक र विद्यार्थीलाई सावधानी अपनाउन र जोखिमपूर्ण स्थानमा नजान आग्रह गरेको छ।

# रवि लामिछाने र छविलाल जोशीको मुद्दा सुनवाइ स्थगित



झापा (प्रस) ।सहकारी ठगी र सङ्गठित अपराध अभियोगमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीको मुद्दाको सुनुवाइ स्थगित गरिएको छ।

बिहीबार उच्च अदालत तुलसीपुर, बुटवल इजलासका न्यायाधीश ओमप्रकाश अर्याल र तेजनारायण पौडेलको संयुक्त इजलासमा तोकिएको पेशी जोशीका कानुन व्यवसायीको अनुरोधमा स्थगित गरिएको हो।

बुटवलस्थित सुप्रिम सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले सहकारीमा भएको अपचलनको आफ्ना हिस्साको बिगो रकम बुझाए पनि रुपन्देही जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको इजलासले साउन २६ गते उनलाई रिहा गर्न अस्वीकार गरेको थियो। जिल्ला अदालतको आदेशविरुद्ध लामिछानेले भदौ ९ गते उच्च अदालतमा पुनरावेदन दर्ता गराएका थिए। यसअघि सहकारी ठगीसम्बन्धी बिगो बमोजिमको रकम बुझाएर थुनामुक्त भएर मुद्दा लड्न पाउन भनी दायर गरिएको निवेदनमा उच्च अदालत तुलसीपुर, बुटवल इजलासले दुवै मुद्दा संयुक्त रूपमा हेर्ने आदेश दिएको थियो।

सुप्रिम सहकारी ठगी प्रकरणमा रवि लामिछानेसहितका प्रतिवादीविरुद्ध १० करोड ९९ लाख ३६ हजार रुपैयाँको सामूहिक बिगो कायम गरी अभियोगपत्र दायर गरिएको छ। लामिछानेले उक्त रकमको चार भागमध्ये आफ्नो भाग बराबरको रकम बुझाएको कागजात पेश गरेका थिए। उनले २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत निवेदनसहित पेस गरेका थिए।

लामिछानेजस्तै जोशीले पनि त्यति नै रकम बराबरको जमानत पेस गरेका थिए। तर दुवैको हकमा उनीहरूको भागमा कति बिगो कायम हुने भन्ने स्पष्ट नभएकाले रिहा गर्न नमिल्ने एकै प्रकृतिको आदेश गरिएको थियो। हाल पुर्पक्षका लागि दुवै जना कारागारमा छन्। भैरहवा कारागारमा रहेका लामिछानेलाई ललितपुरको नख्खु कारागारमा सारिएको छ भने जोशी भैरहवा कारागारमै छन्।

# इनड्राइभको “राइड मोर, विन मोर” क्याम्पेनको विजेता घोषणा

झापा(प्रस) । ग्लोबल मोबिलिटी एण्ड अर्बन सर्भिस प्लेटफर्म इनड्राइभले “राइड मोर, विन मोर” अभियानका विजेताहरूलाई पुरस्कार प्रदान गरेको छ। यो अभियान आफ्नो दैनिक यात्रामा इनड्राइभ प्रयोग गर्ने नियमित प्रयोगकर्ताहरूलाई पुरस्कृत गर्न संचालन गरिएको थियो, जसमा राइड पूरा गर्ने यात्रुहरू स्वचालित रूपमा लक्की ड्रमा प्रवेश गरेका थिए, जसले उनीहरूलाई विशेष पुरस्कारहरू जित्ने र इनड्राइभसँग आफ्नो दैनिक यात्रा मनाउने असीमित अवसरहरू प्रदान गरेको थियो ।





प्रयोगकर्ताहरूले इनड्राइभ एपमार्फत राइड बुक गरेर आकर्षक पुरस्कार जित्ने अवसर प्राप्त गरेका थिए ।

इनड्राइभको वृद्धि हुँदै गइरहेको समुदाय र कम्पनिप्रतिको बलियो विश्वास र संलग्नतालाई प्रतिबिम्बित गर्दै काठमाडौंका अत्यधिक प्रयोगकर्ताहरू क्याम्पेनमा सहभागी थिए । इनड्राइभमार्फत कम्तिमा ३ क्याम्पेनको मुख्य आकर्षणमा १० जना भाग्यशाली विजेताहरूले ब्रान्ड-न्यू याडिया ई८एस प्रो (थ्वमभब भ्डक एच्इ) इलेक्ट्रिक स्कुटर जित्न सफल भएका थिए भने ३० जना विजेताहरूले अल्टिमा वाच सर्कल स्मार्टवाच जितेका थिए ।

इनड्राइभकी नेपाल रिप्रेजेन्टेटिभ रीता पोखरेलले भनिन् : “यो क्याम्पेनमा हाम्रा प्रयोगकर्ताहरूको अत्यधिक सहभागिता देखेर हामी खुशी छौं। हाम्रा वफादार यात्रुहरूलाई हरेक दिन इनड्राइभ छनोट गरेकोमा धन्यवाद दिन 'राइड मोर, विन मोर' क्याम्पेन संचालन गरेका थियौं ।

इनड्राइभ रोजाइको स्वतन्त्रता र निष्पक्षतामार्फत मानिसहरूलाई सशक्त बनाउनमा विश्वास गर्दछ । हाम्रो अद्वितीय पियर-टु-पियर मूल्य निर्धारण मोडेलले गर्दा यात्रु र चालकहरू प्रत्यक्ष रूपमा उचित मूल्यमा सहमत हुन सक्छन्, र यसले नै यात्रालाई पारदर्शी, लचिलो र समुदाय-संचालित बनाउँछ। हामी निष्पक्ष र पारदर्शी सेवामार्फत समुदायलाई सशक्त बनाउन जारी राख्ने थप पहलहरूका लागि तत्पर छौं।”

यस क्याम्पेनको साथ इनड्राइभले स्थानीय नेपाली समुदायसँगको आफ्नो सम्बन्धलाई बलियो बनाउने कार्य जारी राखेको छ । यसको पियर-टु-पियर मूल्य निर्धारण मोडेल मार्फत यात्रु र चालक दुवैलाई निर्णय गर्ने स्वतन्त्रता दिन्छ र प्रत्यक राइडमा पारस्परिक सम्मान र निष्पक्षता प्रतिबिम्बित होस् भनेर सुनिश्चित गर्दछ।


**उदयशिल महिला बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, भद्रपुर रोड, झापा
प्रकाशित मिति-२०८२/०७/१४

**साधारण सभा सम्बन्धी सूचना**

यस उदयशिल महिला बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८२ असोज १२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १८ औं साधारण सभा आगामी मंसिर १६ गते मंगलबार अतिथि सदनमा गरिने भएको हुँदा सम्पूर्ण सदस्यज्यूहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

समय : दिनको ११:०० बजे

**उदयशिल महिला बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, भद्रपुर रोड, झापा




**कपुरी मोटोकर्प प्रा.लि.**
बिर्तामोड,झापा सम्पर्कः ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पदयात्रा नगरौं

वर्षा र हिमपातले हिमाली क्षेत्रको पदयात्रामा निस्केका हजारौं पदयात्री वर्षा र हिमपातको चपेटामा परेका छन् । लेक लागेर तीन जनाको मृत्यु हुनुका साथै केही बिरामी परेका छन् । यो महिना आन्तरिक तथा बाह्य पर्यटकलाई हिमाली क्षेत्रको पदयात्रा गर्न उपयुक्त मानिँदै आएको छ । प्रायः ठुलो वर्षा, हिमपात र बढी चिसो पनि नहुने हुँदा यो महिना धेरै पदयात्री पदयात्रामा निस्कने गर्छन् तर अहिले नसोचेको हिमपात र वर्षा भयो । वर्षा र हिमपातले पदमार्ग र सडक दुवै अवरुद्ध हुँदा पर्यटक प्रभावित भएका हुन् । उच्च हिमाली क्षेत्र सगरमाथा, अन्नपूर्ण, धवलागिरिलगायत पूर्वदेखि पश्चिमसम्मका हिमाली भेगमा हिमपात भएको छ । पदयात्रामा कति स्वदेशी र कति विदेशी पर्यटक छन् भनी यकिन हुन सकेको छैन । हिमपातले स्थलमार्ग अवरुद्ध हुँदा उपल्लो मनाङबाट सयौं आन्तरिक, बाह्य पर्यटक र स्थानीयलाई उद्धार गरिएको छ । सोलुखुम्बुको लुक्लाभन्दा माथि करिब दुई हजार, लोबुचेमा २१० र गोरकक्षेपमा १२२ जना पर्यटक पुगेका छन् । मौसम प्रतिकूल बनेपछि स्थानीय प्रशासनले सम्भावित जोखिम कम गर्न विभिन्न हिमाली क्षेत्रको पदयात्रामा रोक लगाएको छ । विभिन्न स्थान पुगेका धेरै पर्यटक होटेलमै रोकिन बाध्य छन् । म्याग्दी, मनाङ, मुस्ताङ, सोलुखम्बु, गोरखालगायतका जिल्लाका माथिल्लो क्षेत्रमा सोमबार रातिदेखि भएको वर्षासँगैको हिमपातका कारण पदमार्ग तथा सडक दुवै अवरुद्ध हुँदा पदयात्री रोकिएका छन् । मनाङमा सोमबारदेखि जारी भारी हिमपातका कारण यातायात अवरुद्ध भएपछि उपल्लो मनाङ घुम्न गएका पर्यटक बाटोमै रोकिएका छन् ।

मनाङ, मुस्ताङ र म्याग्दीका जिल्ला प्रशासन कार्यालयले हिमपात र खराब मौसमका कारण सार्वजनिक सूचना जारी गर्दै हाललाई पदयात्रा नगर्न अनुरोध गरेका छन् । पर्यटकको बाक्लो आहोरदोहोर हुने मुख्य याममै भएको हिमपातले स्थलमार्ग अवरुद्ध हुँदा उपल्लो मनाङबाट ७५० जना आन्तरिक तथा बाह्य पर्यटकको उद्धार गरिएको छ । हिमपातले सडक, पदमार्ग र सम्पर्क मार्ग सबै प्रभावित भए पनि पर्यटकलाई सुरक्षित राख्ने प्रयास जारी छ । स्थानीय प्रशासनले मौसममा सुधार नआएसम्म जोखिमपूर्ण क्षेत्रतर्फ नजान र सुरक्षित भएर बस्न आग्रह गरेको छ । यता सगरमाथा क्षेत्रमा भएको हिमपताका कारण हिमाली पर्यटन प्रभावित भएको जनाउँदै जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुले सतर्कता अपनाउन आग्रह गरेको छ । खुम्बु पासाङल्हामु गाउँपालिकाको दिङ्बोचेभन्दा माथि बाक्लो हिउँ र तल्लो क्षेत्रमा वर्षा भइरहेकाले पर्यटक सबै होटेलभित्रै छन् । विगतका वर्षमा पुस, माघ र फागुनताका मात्र उच्च हिमाली भेगमा हिउँ पर्ने गरेकोमा यस वर्ष तल्लो उच्च भूभागमा समेत कात्तिक महिनामै हिमपात भएको हो । अतः हिमाली क्षेत्रको पदयात्रालाई सुरक्षित बनाउन सबै सचेत हुनुपर्ने छ ।




# निर्वाचन लोकतन्त्रको आत्मा



• नगेन्द्रराज पौडेल

आउँदो फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन हुँदै छ । निर्वाचनबारे राजनीतिक दलले आआफ्ना राय तथा तर्क पेस गर्दै संशय व्यक्त गरेका छन् । रिक्त जनप्रतिनिधिमूलक संस्था बहाली र लोकतन्त्रको सुदृढीकरणका लागि पनि घोषित मितिमा निर्वाचन हुन जरुरी छ । यसका लागि आवश्यक वातावरण बनाउने काममा सरकार लागि परेको छ । निर्वाचनकै विषयलाई लिएर राष्ट्रपति रामचन्द्र पौडेलले सरकारसहित राजनीतिक दलका प्रतिनिधिसँग छलफल गरिसक्नुभएको छ । प्रधानमन्त्रीले पनि दलहरू र जेनजीका प्रतिनिधिसँग यस सम्बन्धमा छलफल गरिसक्नुभएको छ । निर्वाचन आयोगले निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

**चुनौती र अवसर**

सरकारसमक्ष निर्वाचनका लागि शान्ति सुरक्षा बहाली गर्नु पहिलो प्राथमिकता बनेको छ । जेनजी प्रदर्शनका क्रममा भागेका कैदीबन्दी र लुटिएका सबै हतियार अझै फिर्ता भइसकेका छैनन् । प्रदर्शनका क्रममा देशभरका २८ वटा कारागारबाट १३ हजार ५८५ कैदी र नौ वटा बाल सुधार गृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५४९ कैदीबन्दी भागेका थिए । सरकारले फरार कैदीबन्दीलाई कारागार फर्कन आग्रह गरे पनि हालसम्म आठ हजार ९८५ कैदी र ५८२ बाल कैदी गरी जम्मा नौ हजार ५६७ जना कारागार फर्केका छन् भने चार हजार ९८२ जना कैदी अझै फरार छन् ।

प्रदर्शनकै क्रममा सुरक्षाकर्मीबाट एक हजार २७६ थान घातक हातहतियार लुटिएका थिए । सरकारले फिर्ता दिन बारम्बार गरेको आग्रहका आधारमा यीमध्ये ७२० थान फिर्ता ल्याइएको र बाँकी ५५६ थान अझै फेला पारिएको छैन । निर्वाचनका बेला कतै यी हतियार प्रयोगमा आउने त होइनन् भन्ने आशङ्का उब्जिएको छ । यद्यपि सरकारले कैदी बन्दी फिर्ता ल्याउन र हतियारको खोजी कार्यलाई उच्च प्राथमिकतामा राखेको छ । भगुवा कैदी बन्दीका हकमा टोल टोलमा फोटो सार्वजनिक गर्ने तयारी गरेको छ । बाँकी कैदीबन्दीलाई कारागार फर्काउन र र हतियार खोजी गर्ने काम सरकारका लागि चुनौतीपूर्ण बनिरहेको छ ।

विघटित प्रतिनिधि सभा निर्वाचन गराई जनप्रतिनिधिको बहाली गराउने मह□वपूर्ण कार्यभार हो । सरकारका लागि यो सुनौलो अवसरका रूपमा हेरिएको छ । प्रधानमन्त्री सुशीला कार्कीले आफूले निर्धारित मितिमा नै निर्वाचन गराएर निर्वाचित जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको बारम्बार बताउँदै आउनुभएको छ । सरकार निर्वाचन सम्पन्न गर्ने विषयमा दृढसङ्कल्पित छ भन्ने सन्देश यसैबाट प्रवाह हुन्छ । यो परिस्थितिमा चुनावमा सहभागी भई जनमत परीक्षणका लागि आफूलाई चुनावी प्रतिस्पर्धामा उभ्याउनु हरेक राजनीतिक दलको दायित्व हो । यसअघि नै प्रधानमन्त्री कार्कीले निर्वाचन गराउने काम सरकारको हो तर सहभागिता भने दलको नै हुनु पर्छ भन्दै दलहरू सहभागी नभएसम्म निर्वाचन सम्भव नहुने बताइसक्नुभएको छ । यो निर्वाचन दलको परीक्षण र मतदातालाई योग्य र सक्षम प्रतिनिधि छान्ने अवसर हुने छ ।

निष्पक्ष, भयरहित तथा स्वतन्त्र निर्वाचनका लागि अब सरकारले पहलकदमी लिनै पर्छ । दलहरूलाई भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ भनेर आश्वस्त पार्नै पर्छ । यसका लागि सबै दल तथा आममतदाताले सरकारलाई सघाउनु पर्छ । सरकारको एक्लो प्रयासले मात्र निर्वाचन गराउन सहज हुँदैन ।

यद्यपि सर्वोच्च अदालतमा प्रतिनिधि सभा विघटन गैरसंवैधानिक कदम भएकाले उक्त निर्णय बदर गरी सभा पुनर्स्थापित गरी पाऊँ भनी रिट पनि दायर गरिएको छ । प्रतिनिधि सभा विघटन र अन्तरिम सरकार निर्माण निकै सोचविचार साथ चालिएको कदम मान्न सकिन्छ । नेपालकै इतिहासमा यति छोटो समयमा यति धेरै जनधनको विनाश यसअघिका आन्दोलनमा सायदै भएका होलान् । यस कारण निर्वाचनको मितिअगावै सम्मानित अदालतद्वारा न्यायिक निरूपण भई अन्यथा आदेश भएको अवस्थाबाहेक यो निर्वाचनको विकल्प देखिँदैन । आखिर सुदृढ लोकतन्त्रका लागि पनि निर्वाचन अपरिहार्य छ ।

**बाध्यताको उपज**

प्रतिनिधि सभा विघटनपूर्वको अवस्था कहालीलाग्दो थियो । २३ भदौको जनप्रदर्शनमा प्रहरीको गोली लागेर २१ जना ( काठमाडौं १८, सुनसरी २ र पर्सा १ ) को ज्यान गइसकेको थियो । २४ भदौमा देशका विभिन्न स्थानमा भएका लुटपाट, आगजनीले सीमा नाघेको थियो । २४ भदौको मध्याह्नसम्म राज्यका तीन वटै अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामाथि गरेको आक्रमण र आगजनीका कारण ती निकाय प्रभावहीन भइसकेका थिए । मोफसलमा पनि विभिन्न संघ संस्था, स्थानीय तहका भौतिक संरचनामाथि आक्रमण र आगजनी भइसकेको थियो । प्रधानमन्त्रीलगायत अन्य दलका नेतृत्वलाई सेना/प्रहरीले सुरक्षा दिएर राख्नुपर्ने स्थिति थियो । जेनजीको प्रदर्शनमा व्यापक घुसपैठ भएका कारण अवस्था नाजुक बन्न गएको हो । प्रदर्शनलाई गलत उद्देश्यले गलत मार्गतिर मोड्ने काम केही आपराधिक गतिविधि गर्ने समूहले गऱ्यो । वास्तविक जेनजीबाट यस्तो काम कदापि हुन सक्दैन । सरकारले उक्त घटनाको छानबिनका लागि न्यायिक आयोग गठन गरिसकेको छ । अब उक्त आयोगको प्रतिवेदनपश्चात् मात्र यस सम्बन्धमा थप तथ्य बाहिर आउने नै छन्, अनि मात्र थप रहस्योद्घाटन हुँदै जाला ।

**लोकतन्त्र र निर्वाचन परिपूरक**

निर्वाचन लोकतन्त्रको आत्मा हो । यो आत्मा मर्न नदिन पनि निर्वाचनमा सबै दलको सहभागिता अपेक्षित छ । धेरै समयसम्म अन्तरिम सरकार रहनु उचित नहुने भएकाले पनि निर्वाचन सम्पन्न गर्न सबैको सहयोग आवश्यक छ । अबको साढे चार महिनाभित्र प्रतिनिधि सभा निर्वाचन गराएर निर्वाचित जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गरी अन्तरिम सरकार बिदा हुन्छ । सबै राजनीतिक दल आफूले विगतमा गरेका कमीकमजोरी औंल्याउँदै, जनतासँग क्षमा मागेर र राम्रा कामको फेहरिस्तसहित जनसमक्ष जानै पर्छ ।

संविधानको प्रस्तावनामा 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार, आवधिक निर्वाचन, संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट यो संविधान जारी गर्दछौं' भनिएको छ । यसबाट पनि के प्रस्ट हुन्छ भने लोकतन्त्रका लागि निर्वाचन आवश्यक प्रक्रिया नै हो । यसलाई छलेर अघि बढ्न सकिँदैन । सरकार कम्तीमा पनि जनअनुमोदन नै हुनु पर्छ । यसका लागि निर्वाचन मात्र एउटा उपाय हो । यसलाई उपेक्षा गर्दा सरकार र जनप्रतिनिधिबिच ठुलो रिक्तता देखिन्छ । त्यसलाई पूर्ति गर्न पनि राजनीतिक दल आगामी निर्वाचनमा सक्रिय सहभागी भई सरकारमा जनप्रतिनिधिको रिक्ततालाई पूर्ति गर्नु पर्छ । अबको एक मात्र उद्देश्य निर्वाचन नै हुनु पर्छ । सबै राजनीतिक दल, मुलुकको प्रशासन तथा व्यवस्थापनमा आबद्ध निकाय, बौद्धिक समुदाय र नागरिकसमेत असहमति र द्वन्द्व छोडेर पूर्वाग्रहरहित भई समन्वय र सहकार्यका साथ आसन्न निर्वाचनका लागि कटिबद्ध हुनै पर्छ ।

युवापुस्ताले उठाएको सुशासन, बेथितिको अन्त्य, रोजगारी सिर्जना, वातावरणीय दिगोपन र सामाजिक न्यायलाई प्राथमिकतामा राख्न जरुरी छ । जेनजीले अहिले मागेको भ्रष्टाचार र बेथितिको अन्त्य होस् भन्ने कुरालाई सबैले मनन गरी सुध्रिएर अघि बढ्नुको विकल्प छैन ।

अब सरकारले आगामी फागुन २१ गते निर्वाचन तोकिसकेकाले दायाँ बायाँ नगरी मतदातासमक्ष विगतका उपलब्धि र कमीकमजोरी दुवै लिएर जानुको विकल्प आफूलाई लोतकतान्त्रिक भन्ने कुनै पनि दलसँग छैन । लोकतन्त्रको विकल्प सुदृढ लोकतन्त्र नै हो, दलको विकल्प सुधारिएका दल नै हुन् । चुनावदेखि भाग्ने छुट कुनै पनि दललाई छैन । बरु निष्पक्ष, स्वतन्त्र तथा धाँधलीरहित चुनावको माग भने गर्न जरुरी छ । सरकारले पनि यसका लागि वतावरण बनाइदिनु पर्छ । जेनजीका माग पूरा गर्न र यस प्रदर्शनमा सहिद हुनेहरूको सपना साकार पार्न पनि निष्पक्ष चुनावद्वारा स्थापित सरकारले बेथिति, अन्याय र भ्रष्टाचार अन्त्य गरी सुशासन कायम राख्नै पर्छ ।

# दिगो विकास लक्ष्यका चुनौती



• रमेशचन्द्र न्यौपाने

दिगो विकास लक्ष्य दिगो विकास लक्ष्य एउटा साहसिक र विश्वव्यापी सम्झौता हो । जसले सन् २०३० सम्ममा सबै प्रकारका गरिबी उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिका लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्छ ।

दिगो विकासका १७ लक्ष्य तथा १६९ सहायक लक्ष्य दिगो विकासका लागि एजेन्डा २०३० को एउटा भाग हो, जुन संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्र सम्मिलित सेप्टेम्बेर २०१५ को ऐतिहासिक राष्ट्रसंघीय साधारण सभाको शिखर सम्मेलनले पारित गरेर १ जनवरी २०१६ देखि लागु गरेको छ । विश्वभरका राष्ट्रिय सरकार तथा लाखौं नागरिकलाई एउटै थलोमा ल्याई यी महत्वाकांक्षी कार्यसूचीमा व्यापक छलफल र परामर्श गरी यी दिगो विकास लक्ष्य तय गरिएका हुन् । सन् २०१६ देखि लागु गरी सन् २०३० सम्ममा पूरा गर्ने विभिन्न लक्ष्य तोकिएको छ ।

सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने, भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने, सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने र सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । यसै गरी लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने, सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने, भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन पनि दिगो विकास लक्ष्यभित्र समेटिएको छ ।

सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने, दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने, जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने, दिगो विकासका लागि महासागर, समुद्र र समुद्री स्रोतसाधनको दिगो प्रयोग तथा संरक्षण गर्ने, दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने लक्ष्य राखिएको छ ।



सन् २०३० सम्ममा चरम गरिबी अर्थात् हालको मापन अनुसार दिनको १.२५ डलरभन्दा कममा बाँच्नुपर्ने अवस्थाको अन्त्य गर्न आवश्यक छ । गरिबी अन्त्य गर्ने कार्यमा बढीभन्दा बढी लगानी प्रवर्धन गर्न गरिबमुखी र लैङ्गिकमैत्री विकास रणनीतिमा आधारित राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा स्पष्ट नीतिगत खाका तर्जुमा गर्न जरुरी छ । सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने तथा सबै नागरिक खास गरी शिशुलगायत गरिब र जोखिमपूर्ण स्थितिमा रहेकाहरूलाई वर्षभरि नै सुरक्षित, पौष्टिक र पर्याप्त खाद्यको पहुँच सुनिश्चित गर्नु पर्छ ।

सन् २०३० सम्ममा विश्वव्यापी मातृ मृत्युदरलाई हरेक एक लाख जीवित जन्ममा ७० भन्दा तल झार्ने लक्ष्य स्वयम्मा उचित छ । सबै देश खास गरी विकासोन्मुख देशमा आन्तरिक तथा विश्वव्यापी स्वास्थ्य जोखिमको पूर्व चेतावनी, जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्ने लक्ष्य सबैको चुनौती हो । सन् २०३० सम्ममा सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धि हासिल हुने गरी सबै बालबालिकाले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्न जरुरी छ ।

सन् २०३० सम्ममा विकासशील मुलुक, विशेषगरी अति कम विकसित देश र विकासशील साना टापु राज्यहरूमा

अन्तर्राष्ट्रिय सहयोगमार्फत शिक्षकलाई तालिम उपलब्ध गराई योग्य शिक्षकको आपूर्तिमा उल्लेख्य वृद्धि गर्ने लक्ष्य राखिएको छ । महिला, किशोरी र बालिका विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्न लैङ्गिक समानताको प्रवर्धन तथा सबै तहमा महिला, किशोरी र बालिकाको सशक्तीकरणका लागि प्रभावकारी नीति तथा अवलम्बन गर्न सकिने कानुन तर्जुमा गर्न ढिला गर्नु हुन्न । सन् २०३० सम्ममा सबैको खर्चले धान्न सक्ने लागतमा सबैका लागि समतामूलक रूपमा सुरक्षित खानेपानी पुऱ्याउने लक्ष्य चुनौतीपूर्ण भए पनि पूरा गर्ने पर्छ । पानी र सरसफाइ व्यवस्थापनका लागि स्थानीय समुदायको सहभागितालाई सुदृढ गराउन सकियो भने त्यो लक्ष्य पूरा गर्न सकिने छ ।

राष्ट्रिय अवस्था अनुसार प्रतिव्यक्ति आर्थिक वृद्धि कायम राख्ने र विषेश गरी अति कम विकसित देशमा कम्तीमा वार्षिक सात प्रतिशत कुल गार्हस्थ उत्पादन वृद्धि गर्नै पर्छ । युवा रोजगारीका लागि विश्वव्यापी रणनीतिको विकास र सञ्चालन गर्ने र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विश्व रोजगारी सम्झौतालाई लागु गर्ने, आर्थिक विकास र मानव समृद्धि हासिल गर्न सबैका लागि किफायती र समतामूलक पहुँच हुन सक्ने गुणस्तरीय, दिगो, र भरपर्दो क्षेत्रीय तथा अन्तरदेशीय पूर्वाधार निर्माण गर्न ढिला भइसकेको छ ।

सन् २०३० सम्ममा आर्थिक हिसाबले सबैभन्दा तल रहेको ४० प्रतिशत जनसङ्ख्याको आय वृद्धि दर राष्ट्रिय औसतभन्दा उच्च हासिल गर्ने र त्यसलाई कायम राख्नु पर्छ । आप्रवासी विप्रेषणको कारोबार लागतलाई तीन प्रतिशत भन्दा कम गर्ने १५ प्रतिशतभन्दा बढी लागत नलाग्ने विप्रेषण मार्गलाई हटाउन सक्नु पर्छ । दिगो उपभोग र उत्पादन प्रतिमानको १० वर्षीय कार्यक्रमको रूपरेखालाई सबै देशले कार्यान्वयन गर्ने, विकासोन्मुख देशमा विकास गर्ने र उनीहरूको क्षमतालाई ध्यानमा राख्दै विकसित देशले नेतृत्व लिएर लागु गर्नु पर्छ । रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उत्पादन प्रवर्धन गर्ने, दिगो पर्यटनका लागि दिगो विकासको प्रभाव माथि निगरानी गर्ने उपकरणको विकास र कार्यान्वयनमा ढिलाइ गर्नु हुन्न । सबै राष्ट्रले जलवायु उत्पन्न जोखिम र प्राकृतिक प्रकोपको समानुकूलन तथा अनुकूलनको क्षमता अभिवृद्धिमा ढिलाइ भइरहेको छ ।

सन् २०२५ सम्ममा समुद्री र रसायनजन्य फोहोरलगायत सबै खाले प्रदूषण, खास गरी भूमिमा आधारित गतिविधिबाट हुने समुद्री प्रदूषणलाई नियन्त्रण र त्यसलाई पर्याप्त मात्रामा कम गर्ने भन्ने थियो तर त्यो लक्ष्य पूरा हुन सकेको छैन ।

सन् २०३० सम्म अन्तर्राष्ट्रिय सम्झौता अन्तर्गतका दायित्व अनुरूप स्थलीय र जनचर पारिस्थितिकीय प्रणाली र त्यसका सेवा, खास गरी जङ्गल, सिमसार, हिमाल तथा सुक्खा भूमिको सुरक्षा, पुनर्स्थापना तथा दिगो प्रयोग सुनिश्चित गर्नै पर्छ ।

विकासोन्मुख देशका लागि अन्तर्राष्ट्रिय समर्थनका साथै कर तथा अन्य राजस्व सङ्कलनको घरेलु क्षमतालाई सुधार गरी घरेलु स्रोतको परिचालन बलियो पार्नु पर्छ । सन् २०३० सम्ममा विकासोन्मुख देशको कुल गार्हस्थ उत्पादनलाई सहयोग गर्ने गरी दिगो विकासको प्रगतिको मापन गर्न आवश्यक क्षमताका लागि विद्यमान वा जारी पहललाई टुङ्गोमा पुऱ्याउनु पर्छ ।

यी लक्ष्य पूरा गर्न अब करिब पाँच वर्ष पनि बाँकी छैन । त्यसमा बढी लक्ष्य स्वास्थसँग सम्बधित छन् । सम्बन्धित निकायले हालसम्म कुन विषयमा कति लक्ष्य कति पूरा भएका छन् भनेर आधिकारिक प्रगतिबारे जानकारी गराएको छैन । यी लक्ष्य पूरा गर्न हाल विश्वमा विभिन्न किसिमका प्राकृतिकलगायत विभिन्न कारणले दिगो विकासका लक्ष्य पूरा हुने विषयमा समस्या र चुनौती थपिएको छ । यी चुनौती सामूहिक प्रयत्नबाट मात्रै समाधान हुने छन् । एक्लो प्रयासले दिगो विकास लक्ष्य पूरा हुन सक्दैन ।

# क्रान्ति र प्रतिक्रान्ति छोडेर राजनीति बदलिनै पर्छ



• द्रोण अधिकारी गुहेली

भदौ २३ र २४ गतेको २७ घण्टासम्म चलेको नेतृत्वबिहीन आन्दोलनले नेपालको राजनीतिमा निकै ठूलो परिवर्तन ल्यायो । यस परिवर्तनको जस लिने लहड चलेपनि नेतृत्व कसको थियो भन्ने प्रश्नको उत्तर कोहीसंग छैन । त्यसकै परिणाम २८ वर्षमुनिका युवाहरूले गरेको विद्रोहको फल ६० वर्षमाथिका पूर्व कर्मचारीले नेतृत्व हत्याउने गरी पाएका छन् ।

देश परिवर्तित राजनीतिक बाटोमा छ । परिवर्तनको फल हातमा लिएर बसेका सरकारी मान्छे परम्परागत सत्ता राजनीतिकै नाफामुखी व्यापारको शैलीमा रमाइरहेका छन् । युवाहरूको विद्रोहले लगभग कमाउधन्धा परम्परामा विकास हुँदै गएको विगतको राजनीति समाप्त गरिदिए पनि उनीहरूको नाममा सत्तामा गएकाहरूको तामझाम र शैली फरक बन्न सकेको छैन । जसको परिणाम परम्परागत राजनीतिका खेलाडी र नयाँ उदाउँदै गरेका राजनीतिक खेलाडीबीच द्वन्द्वका चरण पनि सुरू हुँदै गएको संकेत समेत देखिन थालेको छ । सत्यचाहिँ के हो भने राजनीतिक समय भनेको अनिवार्य बदलिने भित्ताको पात्रो जस्तो हुँदैन । यसलाई बदल्न नेतृत्व गर्नेसित सूत्र जरूरी हुन्छ । अर्थात नेतासित संकल्प, दृष्टिकोण, एकता, सामूहिक चाल, मिहिनेत, त्याग र अन्तरविश्वास अनिवार्य रहनु पर्छ । विगतका राजनीतिक खेलाडीले यस सत्यलाई बुझ्नै चाहेनन् । वर्तमानको राजनीतिक खेलका लागि तयार हुँदै गएका नयाँ खेलाडीले पनि त्यस सत्यतिर ध्यान दिनै चाहेका छैनन् ।

राजनीतिले जनविश्वासको माध्यमबाट शक्ति हासिल गरेर आत्मविश्वासलाई उचाइमा र अन्तरविश्वासलाई गहिराइमा पुर्‍याउनु पर्छ तर नेपाली राजनीतिले विगतदेखि वर्तमानसम्म हेर्दा त्यसो गरेन । परिणाम देशले विकासको गति लिन सकेन । यस सत्यलाई परम्परागत राजनीतिका खेलाडीले स्वीकार गरेनन् जसको परिणाम सत्ता राजनीतिबाट च्यूत हुनु परेको छ । नयाँ पुस्ताले सुरू गरेको वर्तमानको विद्रोहले देखाइदिए पनि पुरातन राजनीतिले बुझ्केन । नयाँ पुस्ताको क्रान्तिको उद्देश्य महान भए पनि नेतृत्वको गतिमा परम्परागत राजनीतिकै उभारको दुर्गन्ध उस्तै छ । केही गजेडीले गाँजाको धुँवासित उत्पन्न नशाबाट क्रान्तिका सपना देख्दा राज्य सत्तामा कायापलट हुने छाँट देखिँदैन । यसकारण अहिलेकै अवस्थामा नेपालको राजनीति सच्चिने बाटोमा देखिदैन । अव पनि राजनीति सच्चिन सकेन भने देश र जनताको नियति उही रहने पक्का छ ।

नेपालको संघीय लोकतान्त्रिक राजनीतिको मर्म र धर्म बुझ्न सत्ता संभव भएन । परिणाम लोकतन्त्रको संकट सबैभन्दा ठूलो चिन्ताको विषयमा पुगेको छ । स्थानीय सरकारको मर्यादा पाएका स्थानीय तहहरूमा कहीं-कतै कुनै पनि विकृतिले अलिकति टाउको उठायो भने त्यो धरातलीय जनताका आँखामा सिधा पर्छ र बिझाउँछ भन्ने सत्यलाई स्थानीय तहमा जनताबाट चुनिएर निर्णायक कुर्सीमा पुगेकाहरुले आत्मसात गरेनन् प्रदेश र संघीय सरकारले त नागरिक चिन्ने फुर्सद नै निकालेन । परिणाम एउटा उमेर समूहको अनुहार अगाडि सारेर अर्कै स्वरूपमा खराव तत्व घुसपैठ गरी देश नै तहसनहस बनाइदिए । यसको जिम्मेवारी



राजनीतिले पनि माथिको सत्य स्वीकार गर्ला जस्तो देखिदैन । राजनीतिले सही गति नलिएकै कारण देशले युग अनुकुल विकास पाउन सकेन । भएका फाट्टफुट्ट विकासका संरचनामा समेत गिद्धे नजर लगाएर परिवर्तनको नाममा विनासको परम्परा मात्र राजनीतिले सर्वस्वीकार्य बनाएको छ ।

दशकौंदेखिको व्यक्तिको महत्वकाँक्षा केन्द्रीत राजनीतिले नेपालको विकास कागजमा जति राम्ररी भएको छ व्यवहारमा उतिनै कमजोर अवस्थामा छ । समय सधैं उस्तै रहँदैन भन्ने भाव राजनीतिमा पदासीनहरुलाई फुर्सद नहुँदा एक दशकसम्म अभ्यासकालमै राज्य सत्ता चल्यो । यस समयका कतिपय घटनापरक विषय हेर्दा र निरूपण गर्दा उनीहरुमा ' चिल्लो पात' देखिंएन । 'भदौमा आँखो फुटेको गोरू सधैं हरियै देख्छ' भने झैं संघीय लोकतान्त्रिक व्यवस्थाको विभिन्न तहको जिम्मेवारीलाई आफ्नो पार्टीको अनुभव र आदर्श लादेर 'सबैको हुन'-बाट भाग्ने परम्पराले राजनीतिका पुरातन खेलाडी एक्लै बिदा हुनु पर्ने दिन आयो । दशकको यस अवधिमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका क्रियाकलापले आम अपेक्षाको पूर्ति कसैले लिदैन तर सत्ता हत्याउन हजुरबाबु पुस्ता तँछाड मछाड गरेर अगाडि सरिरहे । सत्तामा व्यक्ति फेरिएको अवस्था भए पनि शासकको प्रबृत्ति फेरिएको छैन । आज लोकतन्त्रलाई जनताले फोस्रो नारा मात्र मान्नुपर्ने दुर्दिन आइसकेको छ । ' लोक' शब्द 'आम जनता'-को पर्याय हो र लोकको कल्याण गर्ने तन्त्र संयुक्त भई 'लोकतन्त्र' शब्द बनेको थियो । यसर्थ लोकतान्त्रिक अभ्यासद्वारा लोकको अपेक्षालाई उपेक्षा गर्ने क्रियाकलाप लोकतन्त्रका प्रयोक्ताहरुबाटै भयो भने त्यो आत्मघाती सिद्ध हुन्छ भन्ने प्रमाण आइसकेको छ । राजनीतिले ल्याउन नसकेको परिवर्तनको मुहार हेर्दा राज्य सञ्चालनको जिम्मेवारीमा पुगेकाहरूले अहिलेसम्म समय उस्तै र उही रूपमा रहँदैन भन्ने भाव नै बुझ्ने प्रयास गरेनन् । यसकारण पनि उनीहरूको सत्ताच्यूत अकल्पनीय र त्रासदीपूर्ण रहन गयो । राजनीतिमा परिवर्तनका नारा त लगाए व्यवहारमा परिवर्तन गर्न सकेनन् । त्यसैको परिणाम स्वरूप आज देश गृहयुद्धको भूमरीमा फस्ने अवस्थामा पुगेको छ । देशका अमूल्य सम्पत्ति दनदन आगोले खाँदा ताली बजाएर खुसी हुने दिन विकृत राजनीतिकै परिणाम थियो । आन्दोलनमा घुसपैठ गरेर होस् या सत्तामा तर मारेर देशलाई घात गर्नेहरू बिरूद्ध निर्मम हुन नसकेसम्म न त परिवर्तनको अर्थ बुझिन्छ, या त परिवर्तनै हुन सक्छ । यसकारण पनि परम्परागत सोच पालेका दल हुन् वा नवयुवा जो विद्रोहबाट स्थापित हुन खोजिरहेका छन् दुवै पक्षले सच्चिनै पर्छ अनि मात्र नेपालको कल्याण हुनेछ ।

तर दुवै पक्ष सच्चिने अवस्थामा छैनन् । १३ वर्षदेखि २८ वर्ष समूह जेनजी पुस्ता सही नेतृत्व अभावमा छरपष्ट देखिन्छ भने उनीहरूको नाममा अराजकता मच्चाउने गिरोह राज्य सत्ताभित्र पसेर आतङ्क मच्चाइरहेको छ । विस्थापित गरिएको सत्ताको नेतृत्व गरेको दलको नेता यस परिवर्तन नस्वीकार्ने अतिवादी गतिविधिमा देखिनु र जेनजी पुस्ता आफै सत्तामा नपुग्नु अर्काको भरमा अलमलिनु नेपाली राजनीति सुधारको बाटोमा नजाने संकेत हो । जसको परिणाम देश गृहयुद्धको चपेटामा पर्न सक्ने जोखिम बढ्नु पनि हो । यसकारण क्रान्ति र प्रतिक्रान्ति छोडेर विदेशी दलालको चक्रव्युह त्याग्दै नेपालको अस्तित्व बचाउन राजनीति सुध्रनु नै अबको आवश्यकता हो ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान प्रभावित

झापा(प्रस) ।खराब मौसम र कमजोर दृश्यता (भिजिबिलिटी) का कारण बिहीबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सञ्चालन प्रभावित भएको छ । विमानस्थल अधिकारीका अनुसार दृश्यता दुई हजार मिटरभन्दा तल झरेपछि अन्तर्राष्ट्रिय र आन्तरिक उडान अन्य गन्तव्यतर्फ मोडिएका छन् । नयाँ दिल्लीबाट आएको एयर इन्डियाको उडान लखनउतर्फ मोडिएको छ भने कतारको दोहाबाट काठमाडौं आइरहेको नेपाल एयरलाइन्सको वाइडबडी विमान नयाँदिल्लीतर्फ पठाइएको छ । सोही क्रममा चीनको छेन्दुबाट आउँदै गरेको सिचुवान एयरलाइन्सको विमान पनि प्रविधिगत समस्या आएपछि पुनः चीनतर्फ फर्किएको विमानस्थलका एक अधिकारीले जनाएका छन् । त्यस्तै दिल्लीबाट आउँदै गरेको इन्डिगोको विमान पनि भारततर्फ डाइभर्ट भएको छ । आन्तरिकतर्फ, सुर्खेतबाट काठमाडौं आउँदै गरेको श्री एयरलाइन्सको विमान भैरहवातर्फ मोडिएको छ । ती अधिकारीका अनुसार हवाई मार्गमा देखिएको मौसमी अवरोध र न्यून दृश्यता नै उडान मोडिनुको प्रमुख कारण बनेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक झन्डै तीन सय उडानहरू (आन्तरिक र अन्तर्राष्ट्रिय गरी) सञ्चालन हुने गर्छन् । करिब तीस हजार यात्रु यहाँबाट आवतजावत गर्छन् । मौसममा सुधार आएपछि नियमित उडान सञ्चालन सुचारु हुने विमानस्थलले जनाएको छ ।

# स्वास्थ्य मन्त्रालय सिंहदरबार परिसरमै सार्ने तयारी

झापा(प्रस) । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अब सिंहदरबारमा सार्ने तयारी थालिएको छ । सिंहदरबार परिसरको दक्षिण-पश्चिमतर्फ रहेको नेपाली सेनाको नर्सिङ दल गणको खाली जग्गामा मन्त्रालय सार्न लागिएको हो ।
मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सो जग्गामा 'प्रिफ्याब' भवन अस्थायीरुपमा बनाइँदै गरेको जानकारी दिए । उनले भने, "नेपाली सेनाको गण उत्तरतर्फ आफ्नै भवनमा सरेपछि त्यहाँ रहेको खाली जग्गामा ६ वटा प्रिफ्याब भवन बन्दैछ । बाँकी खाली रहेको भवनमा रङ लगाएर कार्पेटिङ गरेर बस्ने योजना छ ।"
प्रवक्ता बुढाथोकीले दुई हप्ताभित्र संरचना तयार गरी स्वास्थ्य मन्त्रालय सिंहदरबारभित्र सार्ने तयारी भइरहेको र मंसिर १ गतदेखि सम्भवतः सरिसक्ने बताए । "सिंहदरबारभित्र रहेको नयाँ संसद् भवन बनेपछि अहिलेको संसद् सचिवालयको भवन स्वास्थ्य मन्त्रालयको स्थायी संरचनाको रूपमा पायौँ भने त्यहाँ सर्छौँ । त्यसका लागि पनि छलफल भइरहेको छ," उनले भने ।
भदौ २४ गते जेनजी आन्दोलनको आगलागीका कारण रामशाहपथस्थित स्वास्थ्य मन्त्रालयको भवन जलेर ध्वस्त भएको थियो । हाल मन्त्रालय पछाडि रहेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) को नयाँ भवनबाट स्वास्थ्य मन्त्रालयले काम गरिरहेको छ ।

**युएईसँग...**

पाँचौं विकेटको रूपमा ऐरी रनआउट भए। उनले पाँचौं विकेटका लागि कप्तान रोहितसँग ५४ रनको साझेदारी गरेका थिए।
उनी ४१.२ ओभरमा रन आउट भए। त्यसपछि आएका गुल्सन झा डकआउट भए। सोमपाल कामी ६ रनमा बोल्ड भए। करण केसी १३ रनमा क्याच भए। सन्दीप लामिछाने ३ रनमा अविजित रहे। ललित अन्तिम बलमा क्याच हुँदा नेपाल अलआउट भएको हो।
युएईका लागि जहिद अलिले सर्वाधिक ४ विकेट लिए। जुनैद सिद्धिकीले ३ विकेट लिँदा मोहम्मद रोहिद, हैदर अलिले १-१ विकेट लिए। नेपाल जारी प्रतियोगिताको पहिलो खेलमा अमेरिकासँग १०६ रनले पराजित भएको थियो।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# १२ लाख सवारी लाइसेन्स सुरक्षण मुद्रण केन्द्रले छाप्ने

झापा(प्रस) । अब सुरक्षण मुद्रण केन्द्रले सवारी चालक अनुमति पत्र (लाइसेन्स) छाप्ने भएको छ । यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेल र केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाबिच समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

विभागका निर्देशक नरहरि तिवारीका अनुसार केन्द्रले तत्कालका लागि लाइसेन्स स्मार्ट कार्ड छाप्ने गरी मोटामोटी समझदारी बनेको हो ।
तिवारीले केन्द्रले पुरानो २५ लाख लाइसेन्समध्ये १२ लाख लाइसेन्स सुरक्षण मुद्रण केन्द्रले छाप्ने सम्झौता भएको बताए । उनका अनुसार ३ देखि ६ महिनामा १२ लाख लाइसेन्स छापेर वितरण गरिनेछ ।
'केन्द्रसँग लाइसेन्स छाप्नेबारे सम्झौता भएको छ,' निर्देशक तिवारीले भने, 'अहिलेलाई १२ लाख कार्ड छाप्ने गरी समझदारी भएको छ, यद्यपि केही प्राविधिक कुराहरू मिलाउन बाँकी छ ।

छपाइको काम छिट्टै, सम्भवतः एक हप्ताभित्रै सुरु हुन्छ ।'




लामो समयदेखि लाइसेन्स नपाएर सास्ती भोगिरहेका सेवाग्राहीलाई राहत दिने उद्देश्यले यो सम्झौता गरिएको हो । तिवारीका अनुसार तत्काल आवश्यक परेका र लामो समयदेखि प्रतीक्षा सूचीमा रहेका दुवैलाई प्राथमिकतामा राखेर लाइसेन्स वितरण गरिनेछ । ' जो-जोलाई तत्काल आवश्यक छ र जसले पहिलेदेखि नै माग गर्नुभएको छ, उहाँहरूको लाइसेन्स छपाइमा पर्नेछ,' उनले भने। छपाइको सुरुवातमा सानो संख्याबाट काम थालिने र क्रमशः बढाउँदै लगिने योजना विभागको छ । 'सबै कुरा छलफलकै क्रममा छ, भोलि-पर्सिसम्ममा कहिलेबाट र कसरी छाप्ने भन्नेबारे टुङ्गो लाग्नेछ,' तिवारीले जानकारी दिए ।
वैदेशिक रोजगारीमा जानेलगायत तत्काल लाइसेन्स चाहिनेको हकमा केन्द्रले दैनिक ५ सय लाइसेन्स छापेर तुरुन्त दिने सहमति भएको छ । त्यसपछि भने विभागले आफ्नै प्रणाली विकास गरेर लाइसेन्स वितरण गर्ने जनाएको छ ।

गत भदौ २३-२४ को जेनजी आन्दोलनका क्रममा यातायात व्यवस्था विभाग तोडफोड तथा आगजनीबाट पूर्ण रुपमा ध्वस्त भएको थियो । यस्तै सवारी लाइसेन्स छपाइ मेशिन पनि पूर्ण रुपमा क्षति पुगेको थियो ।

# घरजग्गा कारोबारको लाइसेन्सका लागि दरखास्त आह्वान

झापा(प्रस) ।सरकारले अबदेखि तीन करोड रूपैयाँभन्दा बढीको घरजग्गा कारोबार गर्न चाहने फर्म, कम्पनी वा संस्थाले अनिवार्य रूपमा इजाजतपत्र लिनुपर्ने व्यवस्था गरेको छ।
सोहीअनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतको भूमि व्यवस्थापन तथा अभिलेख विभागले बिहीबार एक सार्वजनिक सूचना जारी गर्दै घरजग्गा कारोबारको इजाजतपत्र (लाइसेन्स)का लागि दरखास्त आह्वान गरेको हो।
विभागले असोज २७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार महानगरपालिका र उपमहानगरपालिका क्षेत्रलाई कार्यक्षेत्र घोषणा गरेको जनाएको छ। सोही आधारमा अब एक पटकमा तीन करोड रूपैयाँभन्दा बढीको कारोबार गर्न इच्छुक फर्म, कम्पनी वा संस्थाले ३० दिनभित्र अनलाइनमार्फत निवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।



निवेदनका लागि इच्छुकहरूले विभागको वेबसाइटमार्फत मालपोत नियमावली, २०३६ (आठौँ संशोधन २०८२) को अनुसूची-८ मा उल्लिखित कागजात स्क्यान गरी सोही ढाँचामा आवेदन पेस गर्नुपर्नेछ।
विभागले यो व्यवस्था घरजग्गा कारोबारमा पारदर्शिता र नियमन कायम गर्नका लागि लागू गरिएको जनाएको छ ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर
**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।
**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।
**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ